नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०


प.सं. ०७७/०७८

मितिः २०७८।०१।०७

## नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहर रोकथाम तथा नियन्त्रण सम्बन्धी जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरको अत्यन्त जरुरी सूचना

भारतका विभिन्न प्रान्तहरुमा कोभिड-१९ को संक्रमण वढी रहेको र हाम्रो देशमा पनि सोको जोखिम बढ्ने सम्भावना रहेको सन्दर्भमा कञ्चनपुर जिल्लामा कोभिड-१९ को संक्रमण बढी जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणका सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयको च.नं. ३०४४ मिति २०७८।०१।०६ को पत्रबाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।०१।०६ को निर्णय कार्यान्वयन सम्बन्धमा भएको आदेश, जिल्ला सुरक्षा समिति र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०१।०७ गतेको बैठकको निर्णय समेतको आधारमा यस जिल्ला भर मिति २०७८।०१।०७ गते अर्को व्यवस्था नभए सम्मका लागि देहाय बमोजिम गर्न गराउन हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यस सूचनाको वर्खिलाप भए गरेको पाईएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही भईजाने व्यहोरा समेत सूचित गराईन्छ ।

१. भीमदत्त नगरपालिकामा रहेका शैक्षिक संस्था (विद्यालय, कलेज, ट्यूसन सेन्टर र तालिम केन्द्र) मा मिति २०७८ साल वैशाख मसान्तसम्म भौतिक रुपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाईका विधिहरु अपनाई शैक्षिक गतिविधि सञ्चालन गर्ने, अन्य स्थानीय तहहरुले स्थानीय स्तरमा संक्रमणको अवस्थाको ख्याल गरी आवश्यक व्यवस्था गर्ने ।

२. विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सवै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्डका पालना गरी सञ्चालन गर्ने ।

३. सिनेमा हल, पार्टी प्यालेस, डान्सवार, दोहरी, नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटवजार, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सवै प्रकारका कार्यक्रम मिति २०७८ साल वैशाख मसान्त सम्म बन्द गर्ने ।

४. मठ, मन्दिर, मस्जित, गुम्वा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी मिति २०७८ साल वैशाख मसान्त सम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने ।

५. एक पटकमा २५ जना भन्दा वढी जमघट हुन नहुने, कुनै सामान अनावश्यक नछुने, दुई व्यक्तिको वीचमा २ मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य प्रयोग गर्ने, पटक पटक सावुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सपिङ महल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने दायित्व सञ्चालक वा व्यवस्थापकको हुने

६. मेला, महोत्सव,जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान , मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मीक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा २५ जना भन्दा वढी जम्मा नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा व्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई २५ जनामा नवढ्ने गरी गर्ने ।

२०७८।०१।०७

नि. प्रमुख जिल्ला अधिकारी
कञ्चनपुर

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

प.सं. ०७७/०७८

७. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समिक्षा, बैठक, तालिम प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्ने पर्ने भएमा वढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्डका पालन गरी सञ्चालन गर्ने ।

८. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क. सिट क्षमता भन्दा वढी यात्रु नराख्ने ।

ख. सवै यात्रुहरुले अनिवार्य मास्क लगाउने ।

ग. यात्रु चढने समयमा सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाइजर समेतको व्यवस्था गर्ने ।

घ. चालक तथा सह-चालकले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने ।

ङ. सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्ने ।

च. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउने ।

छ. मास्क नलगाउने व्यक्तिहरुलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।

ज. लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्य देखी अन्तिम गन्तव्य सम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ सङकट व्यवस्थापन केन्द्र (डिसिसिएमसि) लाई उपलब्ध गराउने ।

झ. सार्वजनिक यातायात तथा यात्रु व्यवस्थापन स्वास्थ्य तथा सुरक्षा मापदण्डको कडाइका साथ पूर्ण पालन भए/ नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरीले गर्ने गराउने ।

९. होटल तथा रेष्टुरेण्टले बिहान ८ बजे देखि बेलुका ८ बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउनेः-

(क) होटल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, भाईजर र पंजा लगाउने,

(ख) होटल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

(ग) कम्तीमा दुई मिटरको भौतिक दुरी कायम गर्नुपर्ने,

(घ) सेनिटाईजरको व्यवस्था गर्नु पर्ने,

(ङ) होटल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसङ्क्रमण गर्नुपर्ने,

(च) होटल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने ।

१०. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटल तथा रेष्टुरेन्टहरुले बुदाँ नं. ९ बमोजिमका जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

११. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भए सम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१२. सवै वैंक तथा वित्तिय संस्थामा सेवा तथा कार्यको लागि विधुतीय भुक्तानी प्रणाली लागू गर्ने ।

२०७८/०१/०८

प्रमुख जिल्ला अधिकारी
कञ्चनपुर

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

प.सं. ०७७/०७८

१३. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि स्थानीय तहले देहायबमोजिम गर्नेः-

क. होम क्वारेन्टिन र होम आइसोलेसन रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पुर्याउने काममा सहजीकरण गर्ने।

ख. कोभिड-१९ को चिन्ह तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएका व्यक्तिको पि.सि.आर. परीक्षण गर्ने व्यवस्था मिलाउने।

ग. नतिजा पोजेटिभ आएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी एन्टिजेन परीक्षण गर्ने।

घ. आवश्यकता अनुसार आफ्नो स्थानीय तह भित्र स्वाव संकलन गर्ने व्यवस्था मिलाउने।

ङ. स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकता अनुसार स्वयंसेवक परिचालन गर्ने गराउने।

च. स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने।

छ. कोभिड-१९ का कारण मृत्यू भएका व्यक्तिको शवको व्यवस्थापन वा अन्त्येष्टी गर्दा आफ्नो धर्म परम्परा र संस्कृति अनुसार सम्बन्धित परिवार वा समुदायले २५ जना भन्दा वढी मलामी नहुने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालन गरी गर्ने व्यवस्था मिलाउने। तर सो सम्बन्धी गर्न सम्भव नभएमा कोभिड-१९ का कारण मृत्यू भएका व्यक्तिको शव व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ अनुसार नेपाली सेनाले गर्ने।

ज. क्वारेन्टिन, आइसोलेसन, केश इन्भेस्टिगेसन, कन्ट्र्याक्ट ट्रेसिङ उपचार व्यवस्थापन परीक्षण लगायत आवश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने।

झ. सार्वजनिक यातायातमा यत्रु चढ्न र ओर्लन गरिएको स्थानमा सेनिटाइजर वा हात धुने सावुन पानीको व्यवस्था मिलाउने।

ञ. उपयुक्त कार्यहरुमा सहयोग तथा सहजीकरण गर्न विद्यमान टोल सुधार समिति वा उपभोक्ता समितिलाई परिचालन गर्ने र आवश्यकता अनुसार त्यस्ता समिति गठन गरी परिचालन गर्ने।

१४. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले देहाय बमोजिम गर्नेः-

क. कोभिड-१९ सम्बन्धमा व्याप्त भ्रम हटाउने, समुदायमा सहि सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरु पालन गर्न प्रोत्साहन गर्ने।

ख. परीक्षण, क्वारेन्टिन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने।

ग. क्वारेन्टिन वा आइसोलेसनमा बस्नुपर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा बसे नबसेको सूचना स्थानीय तहलाई गर्ने।

घ. घर वा होटलमा क्वारेन्टिन वा आइसोलेसनमा वसेका व्यक्तिलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउने तथा परामर्श दिने, आवश्यकता अनुसार फ्लो अप गर्ने र सूचना अद्यावधिक गर्न कन्टयाक्ट ट्रेसिङ समूहलाई सहयोग गर्ने।

नि० प्रमुख जिल्ला अधिकारी
कञ्चनपुर

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०


प.सं. ०७७/०७८

ङ. दुई मिटरको भौतिक दुरी मास्कको अनिवार्य प्रयोग तथा सार्वजनिक स्थानमा सावुन पानिले हातधुने लगायता जनस्वास्थ्यका मापदण्डहरु पालन भए नभएका सूचना स्थानीय तहलाई दिने ।

च. ६० वर्ष माथिका नागरिक, दिर्घरोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानुपर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्य सम्म पुग्न र फर्किन सहजीकरण गर्ने ।

छ. कोभिड-१९ विरुद्धको अभियानमा स्थानीय संघसंस्था, क्लव, शिक्षक तथा स्वयंसेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने ।

१५. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहाय बमोजिम गर्ने:-

क. जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

ख. घरबाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नुपर्ने मास्क बन्द डस्टविन वा प्लाष्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने ।

ग. घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

घ. विदेशबाट नेपालमा आउदा वा निकट सम्पर्कमा रही कन्ट्र्याक्ट ट्रेसिङमा परेमा परिक्षणबाट नतिजा नेगेटिभ भएता पनि कम्तिमा १० (दश) दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।

ङ. पि.सि.आर. परिक्षणका लागि प्रयोगशालामा स्वाव दिए पछि नतिजा नआए सम्म बाहिर हिडडुल, भेटघाट र बैठक नगर्ने ।

च. स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

छ. अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालनमा नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सूधार समिति, उपभोक्ता समिति वा सम्बन्द्ध अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने ।

ज. होम आइसोलेशनमा बसेका व्यक्ति स्वास्थ्यक्रमीको नियमिति सम्पर्कमा रहने र स्वास्थ सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

१६. यस उल्लिखित भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी संघसंस्था कल कारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउदा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने ।

१७. शिक्षा विकास तथा समन्वय इकाई, उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ, यातायात व्यवसायी संघले मातहतका निकायलाई स्वास्थ्य सुरक्षा मापदण्डको पालना गराउन नियमित निरीक्षण अनुगमन र आवश्यक निर्देशन गर्ने । व्यवसायिक, पेशागत र सामुदायिक संघसस्थाले यसमा उल्लिखित प्रावधानहरुको पालना गर्ने र कोभिड-१९ रोकथाम नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग गर्ने ।

१८. कार्यालयको नियमित सेवा प्रवाह गर्दा वढी भिडभाड हुने कार्यालयले दैनिक रुपमा आलोपालो मिलाई स्थानीय तहहरु तोकी कार्य सञ्चालन गर्ने ।

१९. यसमा उल्लिखित भएका प्रावधानहरुको पालना गर्नु सवैको कर्तव्य हुनेछ । यस प्रावधानको अवज्ञा गर्ने वा कार्यान्वयनमा वाधा पुर्याउने व्यक्ति वा संस्थालाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही र सजाय हुनेछ ।

(अशोक कुमार भण्डारी)
प्रमुख जिल्ला अधिकारी
कञ्चनपुर